# बारपाक सुलिकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ताकुकोट ,गोरखा
## गण्डकी प्रदेश ,नेपाल

## नदी जन्यपदार्थको बिक्री शुल्क उठाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मिति: २०७५/०८/१७**

यस गाँउपालिकाको आर्थीक वर्ष २०७५/०७६ को लागि ठेक्का सम्वन्धी कागजातमा उल्लेखित शर्तमा यस गाँउपालिकाको क्षेत्र भित्र बाट जराङ खोला, दरौदी नदी राङरुङ खोलाको नदीजन्य पदार्थ ढुगां, गिट्टी तथा वालुवा संकलन र बिक्री सम्वन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले निम्न लिखित न्युनतम ठेक्का अङ्कमा नघट्ने गरी मिति २०७५/०८/१४ गतेको गाउँ कार्यपालिकाको निर्णयअनुसार १५ दिने शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। सुचना प्रकाशन भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्म तथा कम्पनीहरुले ठेक्का सम्वन्धी कागजात खरिद गरि देहायको मिति, समय र स्थानमा शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

**तपसिल**

| ठेक्का नं | ठेक्का विवरण | अधिकतम परिणाम(घ.मि.) | न्यूनतम ठेक्का अंक रु. (मु.अ.क.बाहेक) | दरभाउत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| ०४-२०७५ /०७६ | **खण्ड क.**<br>१. दरौदी नदीको झोलुगें गाँउ देखि सिमलसोता सम्म १, दरौदी नदीको सिमलसोता देखि राङरुङ घाटसम्म- २ | ७,९८४.९ | ११,२७,९३६/-<br>(एघार लाख सताइस हजार नौ सय छतीस मात्र) | १,०००/- | कबोल अंकको ५(पाँच) प्रतिशत |
| ०५-२०७५/०७६ | **खण्ड ख.**<br>दरौदी नदीको लाइदीखोप देखि ओडारेसम्म क्षेत्र र दरौदि नदीको जलविरे घाट वरपर क्षेत्र | १४०८०.५ | १९,८८,९९२/-<br>(उनाइस लाख अठासी हजार नौ सय बयानब्बे मात्र) | १,०००/- | कबोल अंकको ५(पाँच) प्रतिशत |
| ०६-२०७५/०७६ | **खण्ड ग.**<br>दरौदि नदीको उल्टेपुल देखी केराघारी क्षेत्र र जराङ खोलाको निमेल दोभानदेखि मेलसम्मको क्षेत्र | ९२६०.८ | १३,०८,१९५/-<br>(तेह्र लाख आठ हजार एक सय पन्चानब्बे ) | १,०००/- | कबोल अंकको ५(पाँच) प्रतिशत |

**आवश्यक कागजात तथा शर्तहरु:**

१. माथि उल्लेखित ठेक्काहरुको लागि छुट्टाछुट्टै दरभाउपत्र फारम खरिद गरी पेश गर्नुपर्ने छ।दरभाउपत्रआव्हानको सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी रीतपुर्वकको शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ।दरभाउ पत्र खरिद गर्दा निबेदन सहित फर्म ,संस्था वा कम्पनीहरुले ब्यबसाय दर्ता प्रमाण पत्र ,स्थायी लेखा नम्बर /मु.अ.क. करको दर्ता प्रमाणपत्र तथा आ.व. २०७५/०७६ सम्मको लागि संस्था नविकरण रआयकर चुक्ता भएको प्रमाणपत्रको प्रमाणति प्रतिलिपिका साथ पेश गर्नुपर्नेछ। दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १६ औं दिनको कार्यालय समयको १२ बजे भित्र पेश गर्नु पर्नेछ। दरभाउ पत्र खरिद गर्ने,दाखिलागर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ। म्याद नाघी आएको र रीत नपुगेको दरभाउ उपर कुनै कारबाही गरिने छैन।

२. नियमानुसार खरिद भएको दरभाउपत्रको प्रत्येक पानामा सहीछाप र शिलबन्दी गरी खामबाहिर फर्मको नाम,ठेगाना, ठेक्काको नाम,नम्बर लेखी पेश गर्नुपर्ने छ। दरभाउपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ।

३. दरभाउपत्र साथ धरौटी बापत कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको **जनता बैंक नेपाल लि. ताकुकोट, गोरखा धरौटी खाता न. ०९९००९०५२७४५२०४** मा जम्मा गरेको सक्कल बैंक भौचर वा ४५ दिन मान्य अवधि भएको क बर्गको सक्कल बैंक जमानतपत्र पेश गर्नुपर्ने छ।

४.. रीतपूर्बक दर्ता भइ पेश हुन आएका दरभाउपत्रहरु १६ औ दिनको २:०० बजे कार्यालय प्रतिनिधिएवं दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमाखोलिने छ।दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधापर्ने छैन ।

५. दरभाउपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित ठेक्काको मु.अ.कर(VAT) बाहेक ठेक्का अंकको रकम यस कार्यालयमा र कवोल अंकको १३% ले हुने मु.अ. कर र १.५ % ले हुनआउने आग्रिम आय कर रकम आन्तरिकराजस्व कार्यालयमा दाखिला भएको प्रमाण सहित ५०% ले हुनआउने रकम यस कार्यालयको खातामा दाखिला भएलगत्तै सम्झौता हुनेछ। बाकि ५०% ले हुन आउने रकम बराबरको **२०७६ साल आषाढ मसान्त**सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकको **बैंक ग्यारेन्टी(परफरमेन्स वण्ड )** सम्झौता भएको मितिले ७ दिन भित्र पेश गर्नुपर्ने छ र बाकी ५०% रकम २०७५ साल चैत मसान्तसम्म नियमानुसार बुझाई सक्नुपर्ने छ। तोकिएको समय भित्र बाकी ५०% रकम दाखिला नगरेमा ठेक्का सम्झौता गर्दा पेश गरेको बैंक ग्यारेन्टी(परफरमेन्स वण्ड) बाट किस्ता रकम अशुल उपर गरी अर्को ब्यवस्था गर्न सकिनेछ।कबोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. ठेक्का कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलान गर्न पाइनेछ। साथै तोकिएको परिमाण उठाईसकेमा ठेक्का समयावधि समाप्त हुनेछ,तरनसकेकोअवस्थामाठेक्काको अवधि २०७६ सालजेष्ठ मसान्त सम्म मात्र हुनेछ।

७. ढुंगा गिट्टी बालुवाको उत्खनन संकलन तथा बिक्री कार्यसम्बन्धमा केन्द्रीय अनुगमन समिति ,प्रदेश स्तरीय अनुगमन समिति,जिल्ला अनुगमन समितिएवं गाउँपालिका स्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ।

८. यस सुचनामा उल्लेख नभएका बिषयहरु बारपाक सुलिकोट गाउँपालिका,गाउँकार्यपालिकाको निर्णय ,सार्बजनिक खरिद ऐन ,२०६३(संशोधन सहित),सार्बजनिक खरिद नियमावली २०६४ (संशोधित)एवंप्रचलित ऐनतथाकानुनबमोजिम हुनेछ।

९. ढुंगा गिट्टी बालुवाको उत्खनन संकलन तथा बिक्री कार्य गर्दा जिल्ला समन्वय समितिको कार्यालय, गोरखाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदनमा उल्लेखित शर्तहरुको पालना गर्नुपर्नेछ।

१०. IEE प्रतिबेदनबारे तथा अन्य बिषयbमा बुझ्न आवश्यकभएमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।